**Activity 2.42: Conduct study on (i) career opportunity across different services and sub-services in civil service**

**Narrative**: In order to make the civil service more efficient and effective, it must be itself attractive for the officials working in it. This necessitates the civil service to have career development opportunities and incentive mechanisms for the best performers. Thus, this activity is planned to conduct a study on career opportunity and incentive mechanisms in Nepal's current civil service and recommend a unified and predictable career opportunities system across the entire civil service.

**Implementation Arrangement:** MoFAGA/ PLGSP will develop a ToR describing the requirements and scope of the services and hire a consultant to undertake the study in consultation with relevant stakeholders, ministries and government agencies.

**Implementing unit, Milestone Unit (milestone explanation), Total Budget (in 000)**
PCU, 2 (Conducted research studies on at least two thematic areas of federal governance), NPR: 2000

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम
Provincial and Local Governance Support Program (PLGSP)

कार्यक्षेत्रगत शर्त (Terms of Reference)
निजामति सेवामा वृत्ति विकासका अवसर सम्बन्धी अध्ययन
(Study of Career Opportunities in Civil Services)

## १. परिचय

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) नेपाल सरकारको प्रमुख राष्ट्रिय कार्यक्रम हो। यो कार्यक्रम आ.व. ०७६/७७ देखि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत सञ्चालनमा रहेको छ। सङ्घ, प्रदेश तथा स्थानीय सरकारको संस्थागत, सङ्गठनात्मक र व्यक्तिगत क्षमता निर्माणमा बढी केन्द्रित छ। प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) ले छाता कार्यक्रमका रूपमा प्रदेश तथा स्थानीय तहमा सुशासन प्रवर्द्धन सम्बन्धी कार्यक्रमहरूमा समन्वय र सहकार्यको लागि साझा संरचना (Framework) प्रदान गर्दछ। यसको साथै अन्य विकास साझेदारहरुबाट प्राप्त अनुदान कार्यक्रमहरूको सञ्चालनमा समन्वय गर्दछ।

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा मुलुकमा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको अपेक्षा गरेको छ। संविधानले शासकीय संरचनालाई तीन तहमा विभाजन गरी सङ्घ, प्रदेश र स्थानीय तहमा राज्यशक्तिको प्रयोग संविधान र कानुन बमोजिम हुने व्यवस्था गरेको छ। संविधानमा शासकीय कार्य सञ्चालनका लागि सङ्घमा सङ्घीय निजामती सेवा, प्रदेशमा प्रदेश निजामती सेवा र स्थानीय तहमा स्थानीय सेवा रहने व्यवस्था गरिएको छ।

सार्वजनिक प्रशासनलाई सक्षम, सवल, पहुचयोग्य, जनउत्तरदायी, निष्पक्ष र पारदर्शी बनाऊन समय-समयमा प्रशासन सुधारका प्रयासहरू हुँदै आएका छन्। प्रशासन सुधारको पृष्ठभूमिमा चर्चा गर्दा प्रशासन सुधार सम्बन्धी विभिन्न आयोग एवं समितिको अध्ययनहरुको समिक्षा सान्दर्भिक छ। मुलुकको विकासको निमित्त निजामती सेवाले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। निजामती सेवाका विभिन्न सेवा समूहमा रहेका वृत्ति विकासका अवसरहरूको वर्तमान अवस्थाको अध्ययन, विश्लेषण गरी उपयुक्त सुझावहरूको खोजी गर्नको निमित्त प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमबाट प्रस्तुत अध्ययन सम्बन्धी कार्यक्रम अगाडी बढाइएको छ।

## २. औचित्य

हाल निजामती सेवामा विभिन्न सेवा समूहका बिच वृत्ती विकासका समान अवसरहरू उपलव्ध रहेको देखिंदैन। सरूवा, बढुवा र अध्ययनका अवसरहरू अनुमानयोग्य अझै हुन सकेका छैनन्। एउटै सेवाभित्रका समूह, उपसमूह बिच पनि अवसरमा समानता भएको देखिदैंन। कतिपय सेवा, समूहमा छिटो छिटो बढुवा हुने त कतिपय सेवामा ढिलो रहको अवस्था छ। सबै सेवा, समूह र समूह भित्रका उपसमूहहरूमा वृत्ति विकासका अवसरहरू (सरुवा, पदस्थापना, बढुवा, क्षमता अभिवृद्धि, अध्ययन आदि) को अवस्थामा एकरूपता भएको पाईदैन। निजामती सेवाभित्रका वृत्ति विकासको

अवसर र कर्मचारीको मनोबलको प्रत्यक्ष प्रभाव सेवा प्रवाहमा समेत पर्न जाने भएकोले वृत्ति विकासका अवसरलाई उपयुक्त र प्रभावकारी र समसामयिक बनाउनुपर्ने चुनौती रहेको छ । सङ्घीयताको सन्दर्भमा निजामति सेवामा वृत्ति विकासका अवसर सम्बन्धी विषयमा विस्तृत अध्ययन नभएकाले प्रस्तुत अध्ययन गर्न आवश्यक रहेको । निजामती सेवाको वृत्ति विकासको अवस्था के कस्तो छ भन्ने सम्बन्धमा यसको नक्शाङ्कनको समेत अभाव रहेको छ । वृत्ति विकासको असमान अवसरका कारण कर्मचारीको मनोबल समेत अपेक्षाकृत रूपमा उच्च रहेको छैन । यस सन्दर्भमा निजामती सेवाका सबै समूह, उपसमूहहरूमा वृत्ति विकासका समान अवसरहरूको सृजना गरी कर्मचारीहरूको मनोबल उच्च बनाउन वर्तमान निजामती सेवा ऐन तथा नियमावली लगायत सम्बद्ध कानूनमा रहेका वृत्ति विकास सम्बन्धी व्यवस्थाहरू र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यास एवं कर्मचारीहरूको मनोबल समेतको अन्तर (Gap) पहिचान गरी उपयुक्त सुझावहरूलाई समेट्न जरूरी भएकाले प्रस्तुत अध्ययन आवश्यक भएको छ ।

### ३. उद्देश्य

यस अध्ययनको उद्देश्य देहाय बमोजिम रहेको छः

क) निजामती सेवाको समग्र वृत्तिको वर्तमान अवस्थाको नक्शाङ्कन गर्ने,

ख) निजामती सेवा भित्रका विभिन्न सेवा समूहमा रहेको वृत्ति विकासको अवस्थाको विश्लेषण गर्ने,

ग) निजामती सेवाको वृत्ति विकासको अवसरलाई निष्पक्ष समन्यायी, मापनयोग्य, उत्प्रेरक, समसामयिक, सुदृढ बनाउनको निमित्त उपयुक्त सुझावहरू पेश गर्ने,

घ) प्रकरण ग) बमोजिमका सुझावहरू कार्यान्वयन गर्न आवश्यक पर्ने श्रोत साधनको अनुमान र व्यवहारिक कार्ययोजना प्रस्तुत गर्ने ।

### ४. परामर्शदाताको कार्यक्षेत्र र शर्त (Scope and Terms of the assignment):

परामर्शदाताले नेपालको निजामती सेवा र अन्तर्गतका समूहहरूमा वर्तमान सम्बद्ध कानूनहरूमा भएका व्यवस्था, निजामति सेवा र समूहमा रहेका वृत्ति विकास सम्बन्धी वर्तमान अवस्था, वृत्ति विकासका शैद्धान्तिक पक्ष, नेपालका अन्य सार्वजनिक संस्थाहरूमा वृत्ति विकासका अशल अभ्यासहरू साथै शार्क मुलुकहरूका सरकारी सेवामा रहेका वृत्ति विकास सम्बन्धी व्यवस्था लगायतका विषयमा केन्द्रित रही देहाय अनुसार अध्ययन गर्नुपर्नेछः

क) निजामती सेवाको वृत्तिविकास सम्बन्धी विगतमा भएका विभिन्न अध्ययन प्रतिवेदनहरू, यस सम्बन्धी वर्तमान कानूनी दस्तावेजहरूको अध्ययन गर्ने ।

ख) वृत्ति विकासका सम्बन्धमा दक्षिण एशियाली राष्ट्रहरूले अवलम्बन गरेका विभिन्न पद्दतिहरूको अध्ययन गर्ने ।

ग) वृत्ति विकास सम्बन्धी सैद्धान्तिक तथा व्यवहारिक पक्षहरूको अध्ययन गर्ने ।

घ) मन्त्रालयमा नेपाल सरकारका बहालवाला सचिवज्यूहरूसंग छलफल गरी राय सुझाव सङ्कलन गर्ने ।

ङ) मन्त्रालयको सहजीकरणमा नेपाल सरकारका सेवा निवृत्त विशिष्ट श्रेणीका राष्ट्र सेवकहरूसंग राय सुझाव सङ्कलन गर्ने ।

च) सरोकारवाला निकायहरूसंगको छलफल, सङ्घ, प्रदेश र स्थानीय तहका सम्बद्ध निकायसंग छलफल र सुचना सङ्कलन ।

छ) निजामती सेवा सम्बन्धमा अन्य नीतिगत व्यवस्था/दस्तावेज अध्ययन (भारत, श्रीलङ्का, भुटान, बङ्लादेश) आदि।

ज) अध्ययन, समन्वय तथा सहजीकरण समितिको समन्वयमा रही तयार भएको मस्यौदालाई सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा रहेको उच्चस्तरिय समितिमा प्रस्तुती गरी प्राप्त सुझावहरू समावेश गर्ने।

झ) अध्ययनको आधारमा निजामती सेवाको समग्र वृत्तिको वर्तमान अवस्थाको नक्शाङ्कन गर्ने।

ञ) निजामती सेवा भित्रका विभिन्न सेवा समूहमा रहेको वृत्ति विकासको अवस्थाको विश्लेषण गर्ने।

ट) निजामती सेवाको वृत्ति विकासको अवसरलाई निष्पक्ष समन्यायी, मापनयोग्य, उत्प्रेरक, समसामयिक, सुदृढ बनाउनको निमित्त उपयुक्त सुझावहरू पेश गर्ने,

ठ) सुझावहरू कार्यान्वयन गर्न आवश्यक पर्ने श्रोत साधनको अनुमान र व्यवहारिक कार्ययोजना प्रस्तुत गर्ने।

## ५. अपेक्षित उपलब्धी (Expected Output):

क) निजामती सेवाको समग्र वृत्ति विकासको अवस्थाको नक्शाङ्कन तयार भएको हुनेछ।

ख) निजामती सेवाभित्रका विभिन्न सेवा, समूहहरूको वृत्ति विकासको अवस्थाको विश्लेषण सहित वृत्ति विकासको अवसरलाई निष्पक्ष समन्यायी, मापनयोग्य, उत्प्रेरक, समसामयिक, सुदृढ बनाउनको निमित्त आवश्यक पर्ने श्रोत, साधनको अनुमान र व्यवहारिक कार्ययोजना सहितको ठोस सुझावहरू समावेश भएको विस्तृत प्रतिवेदन तयार भएको हुनेछ।

## ६. प्रतिवेदनको भाषा

१) प्रतिवेदनको भाषा नेपालीमा हुनेछ।

२) प्रतिवेदनको कार्यकारी सारांश अङ्ग्रेजी र नेपाली भाषा दुबैमा हुनुपर्नेछ।

३) प्रतिवेदनको भाषिक शुद्धीकरणको जिम्मेवारी परामर्शदाता स्वयंको हुनेछ।

४) अन्तिम प्रतिवेदन ४ (चार) प्रति पेश गर्नुपर्नेछ।

## ७. परामर्शदाताको जनशक्ति व्यवस्थापन

इच्छुक फर्ममा न्यूनतम देहायको योग्यता भएको जनशक्ति निम्न अनुसार हुनुपर्नेछः

| परामर्शदाताको टोली | योग्यता |
|---|---|
| १. टोली नेता/प्रशासनविद् | • मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर भएको,<br>• निजामती सेवाको विशिष्ट श्रेणी वा सो सरहको पदबाट सेवा निवृत्त भएको र सार्वजनिक प्रशासनमा कम्तिमा १० बर्ष अनुभव प्राप्त भएको। |
| २. सार्वजनिक प्रशासन विज्ञ | • मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर भएको।<br>• निजामती सेवाको रा.प. प्रथम श्रेणी वा सो सरहको पदबाट सेवा निवृत्त भएको। |

| | |
|---|---|
| | • सार्वजनिक प्रशासनको क्षेत्रमा कम्तिमा ७ बर्षको अनुभव भएको । |
| ३. सार्वजनिक व्यवस्थापन विज्ञ | • मान्यता प्राप्त विश्वविद्यालयबाट व्यवस्थापन सम्बन्धी विषयमा स्नातकोत्तर भएको ।<br>• सार्वजनिक व्यवस्थापन सम्बन्धी अध्यापन तथा अध्ययन सम्बन्धी अनुभव भएको । |
| ४. सहायक | • मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक भएको ।<br>• कम्प्युटरको आधारभूत सीप भएको । |

**८. परामर्शदातृ संस्थाको योग्यता देहायअनुसार हुनुपर्नेछः**

१) चालू आर्थिक बर्षको निमित्त सम्बन्धित निकायबाट नियमानुसार दर्ता नवीकरण भएको ।

२) आ.ब. २०७७/७८ सम्मको कर चुक्ता गरेको ।

३) सम्बन्धित क्षेत्रमा कम्तिमा ३ बर्षको अनुभव भएको ।

४) संस्थाको उद्देश्य यस कार्यक्षेत्रगत शर्तमा उल्लिखित कार्य गर्न मिल्दोजुल्दो भएको ।

**९. समयसीमा**

सम्झौता भएको मितिले ९० (नब्बे) दिनभित्र सम्पादन गरिसक्नुपर्नेछ ।

**१०. अध्ययन गर्नुपर्ने मुख्य दस्तावेज, विषयहरू**

१) संवैधानिक प्रावधानहरू

२) निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५० तथा निजामती सेवा सम्बन्धी अन्य नियमावली, मापदण्ड, कार्यबिधि, निर्देशिका

३) प्रदेश निजामती सेवा ऐन

४) दक्षिण ऐशियाली मुलुक लगायत अन्य देशका अभ्यासहरु

५) प्रशासन सुधार सम्बन्धी प्रतिवेदनहरु

६) सम्बन्धीत अन्य बिषयक्षेत्रगत नीतिहरु

**११. प्रतिवेदनको समयसीमा र उपलब्धिः**

देहाय बमोजिम निर्धारित कार्यतालिका अनुसार ३ महिनाको अवधिमा कार्यसम्पादन गर्नु पर्नेछ ।

| सि.नं. | कार्यविवरण | समय सीमा | जिम्मेवारी | उपलब्धि |
| --- | --- | --- | --- | --- |
| १ | परामर्शदाता बाट प्रारम्भिक कार्ययोजना प्राप्त गर्ने । | सम्झौता भएको ७ दिनमा | परामर्शदाता, | प्रारम्भिक कार्ययोजना प्राप्त हुने । |
| २ | मन्त्रालयमा छलफल | प्रारम्भिक कार्ययोजना प्राप्त भएको ७ दिनमा | परामर्शदाता, PCU | पृष्ठपोषण प्राप्त भएको हुने |
| ३ | परामर्शदाताबाट अध्ययनको मस्यौदा प्रतिवेदन तयार हुने । | मन्त्रालयमा छलफल सकिएको ४० दिनमा | परामर्शदाता, | प्रारम्भिक मस्यौदा प्राप्त |
| ४ | अध्ययनको मस्यौदा प्रतिवेदनमा सरोकारवालाबीच छलफल गर्ने । | परामर्शदाताबाट अध्ययनको मस्यौदा प्रतिवेदन तयार भएको ७ दिनमा | परामर्शदाता, PCU | सरोकारवाला बाट पृष्ठपोषण प्राप्त भएको हुने |
| ५ | परामर्शदाताबाट मस्यौदाको परिमार्जन गरी पहिलो प्रतिवेदन प्राप्ति | प्रतिवेदनमा सरोकारवाला बीच छलफल भएको १५ दिनमा | परामर्शदाता, PCU | अन्तिम मस्यौदा तयार गरी प्राप्त हुने |
| ६ | मन्त्रालयमा छलफल | मस्यौदाको परिमार्जन गरी पहिलो प्रतिवेदन प्राप्ति भएको ७ दिनमा | परामर्शदाता, PCU | पृष्ठपोषण प्राप्त भएको हुने |
| ७ | अन्तिम प्रतिवेदन प्राप्ति | मन्त्रालयमा छलफल भएको ७ दिनमा | परामर्शदाता, PCU | अन्तिम प्रतिवेदन प्राप्त हुने |

**१२. भुक्तानी प्रक्रिया**

१) पहिलो मस्यौदा प्रतिवेदन पेश गरेपछि सम्झौता रकमको ४० प्रतिशत रकम भुक्तानी हुनेछ ।

२) अन्तिम मस्यौदा पेश भई कार्यालयले तोकिएको प्रक्रिया र ढाँचा अनुसार भए नभएको हेरी स्वीकार गरेपछि सम्झौता रकमको ६० प्रतिशत रकम भुक्तानी गरिनेछ ।

**१३. प्राविधिक समिति:**

अध्ययन कार्यको प्राविधिक सहजिकरणको लागि देहायबमोजिमको समिति रहने छ । स्थानीय तह क्षमता विकासका शाखाले यसको सचिवालयको काम गर्नेछ र समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ :

क) संयोजक: महाशाखा प्रमुख, प्रशासन सुधार तथा जनशक्ति विकास महाशाखा

ख) सदस्य: जनशक्ति योजना तथा विकास शाखा

ग) सदस्य: कार्यक्रम समन्वय इकाई

घ) सदस्य: प्रतिनिधि, नेपाल प्रशासनिक प्रतिनिधि प्रतिष्ठान

ङ) सदस्य: प्रतिनिधि, स्थानीय विकासका प्रशिक्षण प्रतिष्ठान

च) सदस्यः शाखा प्रमुख, प्रशासन सुधार तथा व्यवस्थापन परीक्षण शाखा

## १४. प्रस्ताव मूल्याङकनका आधारहरु:

परामर्शदाता फर्मबाट प्राप्त प्रस्तावहरू गुणस्तर तथा लागत विधिबाट मूल्याङ्कन हुनेछ । गुणस्तरको ७० प्रतिशत र लागतको ३० प्रतिशत अङ्क भार कायम गरिएको छ । प्राविधिक प्रस्ताव देहायका आधारम मूल्याङ्कन हुनेछ :

| सि. नं. | विषय | पूर्णाङ्क |
|---|---|---|
| १. | संस्थाको नवीकरण तथा अनुभव सम्बन्धी विवरण | १५ |
| २. | प्रस्तावको गुणस्तर (Proposed Methodology, Approach and Documentation) | ३० |
| ३. | प्रस्ताव गरिएको विज्ञहरुको योग्यता र अनुभव | |
| ३.१ | टोली नेता/प्रशासनविद् | २० |
| ३.२ | सार्वजनिक प्रशासन विज्ञ | १५ |
| ३.३ | सार्वजनिक व्यवस्थापन विज्ञ | १५ |
| ३.४ | सहायक | ५ |
| | **जम्मा** | **१००** |

## १५. बजेट/लागत अनुमान

प्रशिक्षण केन्द्रहरूले सञ्चालन गरेका तालिमहरूको प्रभाव मूल्याङ्कन गर्ने कार्यको लागि परामर्शदाताको सेवा खरिद गर्न रू १६,६३,९९३।९० लागत अनुमान रहेको छ ।

## १६. विविध:

क) प्रतिवेदन तयार गर्दा अरुले तयार गरेका प्रतिवेदनहरुको नक्कल गर्न सकिने छैन ।

ख) प्रतिवेदनको गुणस्तर चित्त बुझ्दो नभएमा परामर्शदाताको भुक्तानी रोक्का गर्न सकिनेछ ।

ग) यस कार्य शर्तका शर्तहरु परामर्शदाताहरुसँग हुने सम्झौताको अभिन्न अङ्ग हुनेछ ।